'गाउँ गाउँमा सूचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १२८ शुक्रबार १९ पुष, २०८१ 03 (Friday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

## कर्णाली प्रदेशको दोस्रो पंचवर्षीय योजना अन्तिम चरणमा

नमस्ते समचारदाता

सुर्खेत, पुष/१८




कर्णाली प्रदेश योजना आयोगले कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना २०८१-८२ देखि २०८५-८६ लाई अन्तिम रुप दिने तयारी भई रहेको छ। उक्त मस्यौदामाथि सरोकारवालासँग छलफल अन्तिम छलफल भई रहेको हो । सुशासन, सामाजिक न्याय र आमसमृद्धिको सोचका साथ निर्माण गर्न लागिएको दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य उत्पादनशील र रोजगारमूलक अर्थतन्त्र निर्माण गरी सुशासन र सामाजिक न्यायमार्फत समाजवाद उन्मुख समुन्नत कर्णाली निर्माण रहेको छ। योजना आयोगले अन्तिम रूप दिन लागेको योजनामा आगामी पाँच वर्षभित्र कर्णालीको आर्थिक वृद्धिदर ९.९ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ। प्रथम पञ्चवर्षीय योजनाले गत आर्थिक वर्ष २०८०-८१ सम्म प्रदेशको कुल आर्थिक वृद्धिदर १८.८ प्रतिशत हुने प्रक्षेपण गरिएको भए पनि त्यो लक्ष्य भने पूरा हुन सकेन। प्रथम पञ्चवर्षीय योजनाले तय गरेको आर्थिक वृद्धिदर ४.१ प्रतिशतमा सीमित भएको छ, जसअनुसार आर्थिक वर्ष २०७६-०७७ मा ९.९ प्रतिशत आर्थिक वृद्धि हुने प्रक्षेपण राखिएको भए पनि वास्तविक आर्थिक वृद्धि भने ०.९१ प्रतिशत मात्रै भएको थियो। २०७७-७८ मा १३.३ प्रतिशत लक्ष्य राखिएकोमा वृद्धिदर ०.९१, २०७८-७९ मा १५.७ प्रतिशत लक्ष्य राखिएकोमा वृद्धिदर ४.९, २०७९-८० मा १७.८ प्रतिशत वृद्धिदरको लक्ष्य राखिएकोमा वृद्धिदर भने २.२ प्रतिशत भएको थियो। प्रथम पञ्चवर्षीय योजना समाप्ति हुने आर्थिक वर्ष २०८०-८१ मा १८.८ प्रतिशत आर्थिक वृद्धिदर हुने लक्ष्य प्रस्ताव गरिएको थियो। तर, वास्तविक आर्थिक वृद्धिदर भने ४.१ प्रतिशत मात्रै भएको थियो। दोस्रो पञ्चवर्षीय योजनाअन्तर्गत चालु आर्थिक वर्ष २०८१-८२ मा प्रदेशको कुल आर्थिक वृद्धिदर ५.५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ। यस्तै, आर्थिक वर्ष २०८२-८३ सम्म ६.६, २०८३-८४ मा ७.५, २०८४-८५ मा ८.६ र आर्थिक वर्ष २०८५-८६ मा प्रदेशको कुल आर्थिक वृद्धिदर ९.९ प्रतिशत पुऱ्याउने लक्ष्य दोस्रो पञ्चवर्षीय योजनामा राखिएको छ। दोस्रो पञ्चवर्षीय योजनामा योजना आयोगले पाँचवर्षे लगानीको मोडालिटी पनि सार्वजनिक गरेको छ, जसमा समृद्ध कर्णालीका लागि कृषि, उद्योग र सेवा क्षेत्रमा ५२ खर्ब २ अर्ब २९ करोड लागत लाग्ने आयोगको प्रक्षेपण छ। पाँच वर्षको अवधिमा कृषि क्षेत्रमा ८ खर्ब ८५ अर्ब ६७ करोड लगानी गर्नुपर्नेछ। यस्तै, उद्योगतर्फ १९ खर्ब १ अर्ब ३७ करोड, सेवातर्फ २४ खर्ब १५ अर्ब ८८ करोड लगानी गर्नुपर्ने गरी आयोगले बृहत् आर्थिक क्षेत्रगत प्रादेशिक लगानीको मोडालिटी तयार गरेको छ। आयोगले लगानीको क्षेत्रगत वर्गीकरणसमेत गरेको छ, जसमा प्राथमिक क्षेत्र कृषितर्फ सार्वजनिक लगानी ६२.२, निजी लगानी ३३, सहकारी पाँच गरी कुल लगानीको १७ प्रतिशत लगानी गर्नुपर्नेछ। द्वतीय क्षेत्र उद्योगतर्फ सार्वजनिक ४८ प्रशित, निजी ४९ प्रतिशत र सहकारी ३ प्रतिशत गरी ३६ प्रतिशत लगानीको प्रक्षेपण आयोगले गरेको छ।

***बाँकी ३ पेजमा...***

## हिमाली गाउँपालिकाको १५ औं गाउँसभा सम्पन्न

नमस्ते समचारदाता

बाजुरा, पुष/१८




बाजुरा जिल्लाको हिमाली गाउँपालिकाले १५ औं गाउँ अधिवेशन सम्पन्न भएको छ। सो हिउदे गाउसभाद्वारा ७ वटा एजेन्डा पारित गरेको छ। आर्थिक वर्ष २०८१/०८२ को १५ औं गाउँ सभा बिहीबार"स्वास्थ, शिक्षा, कृषि, जडिबुटी, पर्यटन, जलस्रोत र पुर्वाधार, औद्योगिकरण, सुशासन र गरिबी निवारण समृद्ध हिमाली आधार" भन्ने मुल नाराका साथ गाउँ सभा सम्पन्न भएको हो। गाउँपालिकाका कार्यालय शाखा अन्तरका स्वास्थ, कृषि, शिक्षा, रोजगार, पञ्जिकरण, पशु, प्राविधिक तथा आर्थिक शाखा अन्तरका हालसम्म गरेका कामको प्रगति प्रतिबेदन प्रस्तुत गरिएको थियो। गाउँपालिकाको अर्धवार्षिक समिक्षा २०८१/०८२ पौष महिना सम्म बाढी पहिरो र भुकम्पको कारणले समुदाय स्तरमा क्षति भएको योजनाहरुको मर्मत सम्भार एवं पुनः निर्माण गर्नका लागि रकमान्तरण, शिर्षक परिवर्तन र श्रोत परिवर्तन गरि व्यवस्थापन गर्ने, फोहोर मैला व्यवस्थापन ऐन २०८१ सभामा पेश गरिएको थियो। यस्तै गाउँपालिकाको लागि आवश्यक जग्गा भोक अधिकार प्राप्त गर्न लिज ऐन बमोजिम संघीय सरकार संग अनुरोध गर्ने, खलाडील कम्पानी मैतार्ना बौडी सडक चालु आर्थिक वर्षमा अपुग बजेट आगामी बजेटको लागि आर्थिक वर्ष २०८२/०८३ को बजेट छुट्याउदा व्यवस्थापन गर्ने ठेक्का आह्वान गर्ने, शाखागत एवं वडा गत प्रगति समिक्षा, हिमाली गाउँपालिका भित्रका मौसम जन्य बिपदका कारण बस्ती विस्तार गर्नुपर्ने बोल्डिक बोर्ता लगायत बस्तिको लागी सम्बन्धि निकाय सम्म अनुरोध गर्ने सम्बन्धमा सहित ७ वटा एजेन्डाहरु सभामा पारित गरिएको हिमाली गाउँपालिकाका प्रवक्ता भिमानन्द पाण्डेले जानकारी दिए। पालिका भवन, खेलकुद, औद्योगिक भवन, स्वास्थ्य संस्था, पर्यटकीय क्षेत्र, सरकारी कार्यालय भएको क्षेत्रहरू गाउँपालिका लागि आवस्यक जग्गाहरु अधिकार लिजमा गर्नेका लागि संघिय सरकार संग अनुरोध गर्ने र किउडी बस्तीलाई बिजुली बत्ती बिस्तार गर्नका लागि विशेष पहल गरिएको छ। पालिका भित्रका सरकारी कार्यालयमा कामको प्रतिफल आउने गरि कर्मचारीलाई काम गर्न समेत आग्रह गरिएको छ। सरकारी तथा गैरसरकारी संस्थाका काम वडा जनप्रतिनिधि हरुले नजिकैबाट हेरफेर गर्न वडाका जनप्रतिनिधिलाई आग्रह गरेको गाउँ सभा अध्यक्ष गोबिन्द बहादुर मल्लले बताए। गाउँ सभामा हिमाली गाउँपालिका गाउँ सभा अध्यक्ष गोबिन्द बहादुर मल्ल, गाउँ सभा उपाध्यक्ष राजकल सार्की, सभा सदस्य सचिव निमित्त प्रमुख प्रशासकीय अधिकृत राज बहादुर भण्डारी लगाएतको उपस्थिति रहेको थियो।

## बाजुराको पिलुचौरमा बेलिबृज निर्माण कार्य अन्तिम चरणमा

नमस्ते समचारदाता

बाजुरा, पुष/१८



बाजुरा जिल्लाको उत्तर पुर्वि क्षेत्र कुन्ना खोला बड्डिगाड नदि पिलुचौरमा बेलिबृज निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। बुढीनन्दा नगरपालिका र जगन्नाथ गाउँपालिकाको बिचमा रहेको बड्डिगाण पिलुचौर करोडौं रुपैयाँ लागतमा निर्माणधिन बेलिबृज निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। सडक विभागले उत्तर दक्षिण व्यापारिक मार्ग विस्तार आयोजनाको खुलालु-सरिसल्ला सडक योजना कोल्टी बाजुराको २ करोड ३४ लाख ९७ हजार ६ सय ९९ रुपैयाँ लागतमा सो खोलामा बेलिबृज निर्माण हुन लागेको जनाएको छ। यो सडक मार्ग कर्णाली करिडोर अन्तर्गत पर्छ। बेलिब्रिजको सामान भने सडक डिभिजन कार्यलय नेपालगञ्ज बाट ल्याइएको थियो। सडक विभाग उत्तर दक्षिण व्यापारिक मार्ग विस्तार आयोजना खुलालु-सलिसल्ला सडक योजना कोल्टीका सूचना अधिकारी अन्तराज शाहीले उक्त खोलामा ४८.८ मिटर लम्बाइको बेलिबृज बन्ने बताएका छन्। बेलिबृज निर्माणको भौतिक काम करिब ९० प्रतिशत सम्पन्न भइसकेकाले यहीं मंसिर मसान्तसम्म निर्माण कार्य सबै सकिने सूचना अधिकारी शाहीले बताए। खुलालु- सरिसल्ला सडक योजना कोल्टीका अनुसार २०८१ बैशाखमा अजनेपनी जेभी काठमाण्डौंसँग १ करोड ९९ लाख २७ हजार १२ रुपैयाँमा २०८१ मंसिर ३० मा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएर काम तीव्र रुपमा भइरहेको जनाएको छ। कर्णाली करिडोर सडकखण्डमा रहेको उक्त खोलामा पुल नहुँदा वर्षातको समयमा जोखिमपूर्ण आवतजावत गर्नुपर्ने बाध्यताले सवारी साधनहरुले सास्ती खेप्दै आएका छन्। खोलामा पुल नभएकै कारण बाह्रै महिना खोलाबाटै सवारी साधन वारपार गरि रहेका छन्। बेलिब्रिज निर्माण भएपछि बर्षातको समयमा पनि बाजुरा, हुम्ला, मुगुमा नियमित रुपमा यातायात सञ्चालन हुने भएका छन्। सामान ढुवानी सँगै आवतजावतमा समेत निकै सहयोग हुने भएको छ। धेरै बर्ष पछि पुल निमार्ण हुन लागे पछि त्यहाका स्थानिय तथा ब्यापारी हर्षित भएका छन। बर्षामा पुल नहुदा हप्तौ सम्म गाडी ओहोरदोहोर गर्न समस्या हुने गरेको थियो।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन

namastekarnali2067@gmail.com 9847246903

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९

FOLLOW US

: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।

हिमाली गाउँपालिका
धुलाचौर, बाजुरा

सत्यवाणी :
भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## कसरी जोगिने साइबर आक्रमणबाट?

दक्षिण एसियाली ह्याकर समूह 'फंकसेक' ले सामाजिक सञ्जाल 'एक्स' मा सूचना पोस्ट गरी डार्कवेबमा बिक्रीमा राखेको चारवटा वेबसाइटको सूचीमा नेपालको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय पनि परेको छ। बिक्रीमा राखिएको विवरणमा 'मन्त्रालयको वेबसाइट नेपालको संघीय मामिला र स्थानीय सरकारको प्रशासकीय कार्य सम्पादनका साथै प्रदेश र पालिकाहरूको विकेन्द्रीकरण, स्थानीय विकास र सामान्य प्रशासनमा प्रभावकारी शासनमा फोकस गर्ने' उल्लेख गरिएको छ। सूचनामा वेबसाइटको 'सुपर एड्मिन प्यानल' का लगिन क्रिडेन्सियल (युजरनेम र पासवर्ड) को मूल्य अत्यन्त सस्तो ५० अमेरिकी डलर तोकी सोमा मोलमोलाई हुनसक्ने भनिएको छ। सुपर एड्मिन प्यानल वेबसाइटभित्र प्रवेश गर्ने मूलद्वार (गेटवे) को साँचो मानिन्छ, जसमा लगइन गरेपश्चात् मात्र वेबसाइटमा एक्सेस प्राप्त हुन्छ। गत पुस १६ मा ज्यान्समवेयर लाइभ, टिएम ज्यानसमन जस्ता साइबर सेक्युरिटी न्युज एग्रिगेट प्लेटफर्मलाई उद्धृत गर्दै टेकपानाडटकममा प्रकाशित सनसनीपूर्ण समाचारले नेपालको साइबर सुरक्षामा भएको गम्भीर लापरबाही पुनः एकपटक उजागर गरेको छ। ह्याक भएको पोर्टलमा के छ ? डार्कवेबमा देखाइएको पोर्टलको तस्बिरमा प्रयोगकर्ता ड्यासबोर्ड, जारी परिपत्र निर्देशनहरू, बजेट विवरण, पालिकाको विवरण, पालिकाको वेबसाइट, कर्मचारी विवरण, आईटी अफिसरहरूको सम्पर्क, एवं पोर्टल सेटिङअन्तर्गत प्रणालीको विवरण र पासवर्ड परिवर्तन लिंकमा एक्सेस देखिन्छ। कर्मचारी प्रशासनको केन्द्रीय निकायका रूपमा संघीय निजामती सेवाको सञ्चालन, व्यवस्थापन तथा अभिलेख व्यवस्थापनमा गर्दै आएको मन्त्रालयले ७७ जिल्ला समन्वय समिति, ६ वटा महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका गरी ७५३ स्थानीय तहको क्षमता विकास र सहजीकरण एवं समन्वयको जिम्मेवारी पाएको छ । पुस १६ दिउँसो ह्याक भएको पोर्टल.एमओएफए. जीओभीएनपी/लोकल/लगिन ब्राउज गर्दा बायाँपट्टि 'पोर्टल प्रयोगकर्ताको विवरण सम्पर्क तथा पासवर्ड विवरणहरु रहेका हुन्छन।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट

बेसिक कम्प्युटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्युटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) 30 सिट



तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# तराईमा दाइजोले ल्याएको विकृति

प्रतिमाकुमारी यादव



प्रतिमाकुमारी यादव

> दाइजो प्रथा नेपालको समाजमा एक गम्भीर र जटिल समस्या हो, जसका कारण महिलाको जीवनमा शारीरिक, मानसिक र आर्थिक हिंसा पुऱ्याइन्छ । यसको उन्मूलनका लागि कानुनी सुधार, सामाजिक मानसिकतामा परिवर्तन र व्यापक शिक्षा र जनचेतनाको आवश्यकता छ । दाइजो प्रथा र त्यससँग जोडिएका लैङ्गिक असमानताका मूल कारणको समाधान गर्दै मात्र महिलालाई समान अधिकार र सम्मान प्राप्त गर्न सकिन्छ ।

दाइजो प्रथा समाजमा विकृत रूपमा जडो गाडेर बसेको छ। परापूर्वकालदेखि चल्दै आएको प्रथा हो । दाइजो प्रथा भनेको विवाहको समयमा केटा पक्षलाई केटी पक्षबाट दिइने नगद, सामान, गहना आदि सम्पत्ति भनेर बुझिन्छ। यो प्रथा दक्षिण एसियामा बढी मात्रामा प्रचलित देखिन्छ, जसमा नेपाल पनि एक हो । यो प्रथा नेपालको पूर्वदेखि पश्चिमसम्म अत्यधिक रूपमा प्रचलित रहेको पाइन्छ। दाइजो प्रथा सुरु सुरुमा महिलालाई दिने आर्थिक सुरक्षा तथा माइती पक्षबाट दिइने मायाको स्वरूप भनेर चिनिन्थ्यो। केही समयको अन्तरालपछि यो एक सामाजिक विकृतिको रूप लिएको देखिन्छ। जहाँ केटा पक्षले माग गरेको रकम अथवा केही साम्पत्तिक चिज वस्तु माग गरेबमोजिम केटी पक्षले दिनुपर्ने हुन्छ। विवाह एक हाम्रो संस्कृतिमा पवित्र र मायाले जोडिएको बन्धन भनेर बुझिन्छ तर केटी पक्षले विवाह गरेवापत आफ्नो प्रिय छोरी र अत्यधिक मात्रामा सम्पत्तिको रूपमा माग गरिएको नगद, केही आरामदायी वस्तु, गरगहनासमेत बुझाउनुपर्ने एक जबर्जस्ती भौतिक विवाह हुन पुगेको देखिन्छ। दाइजो प्रथा नेपालको विभिन्न भागमा प्रचलित रहेको पाइन्छ र खास यो प्रथा तराईमा सीमित मात्र होइन कि काठमाडौँ उपत्यकाको विभिन्न ठाउँमा प्रचलित देखिएको पाइन्छ। जसरी दाइजो प्रथालाई तराईको मात्र पहिचान बनाइएको छ तर वास्तविक रूपमा अहिले विभिन्न जनचेतनामूलक कार्यक्रमले गर्दा तराई क्षेत्रमा यो प्रथा अलि कम भएको पाइन्छ र अरू क्षेत्रमा प्रत्यक्ष रूपमा नदेखिए पनि अप्रत्यक्ष रूपमा वृद्धि भएको पाइन्छ।

### महिला अधिकार

महिला अधिकार भनेको महिलालाई शिक्षा, स्वास्थ्य, सुरक्षा, रोजगार र समानताको आधारमा सम्मानपूर्वक जीवन जिउने अवसर प्राप्त गर्ने अधिकार हो तर दाइजो प्रथाले यी अधिकारलाई कमजोर बनाउँदै महिला हिंसा, शोषण र भेदभावलाई प्रोत्साहन गरेको छ । दाइजो प्रथाले धेरै महिलासम्बन्धी हिंसालाई प्रोत्साहन गरेको छ । जस्तै शारीरिक र मानसिक तनाव, शिक्षामा अवरोध, आत्महत्या, घरेलु कुटपिट, ज्यान मार्ने जस्ता घटना निम्तिएका छन् । साथै आमा बाबुले छोरीलाई समाज र घरको बोझ भनेर मान्ने गर्छन्, कारण बिहे गर्ने बेला दाइजो दिनु पर्छ। मैथिलीमा एउटा उखान रहेको छ 'बेटी जन्मलेल त सात हात धर्ती तर भगेल' अर्थात् छोरी जन्मिनु भनेको घरको धन सक्किनु हो भनेर बुझिन्छ । अहिलेको समयमा हेर्ने हो भने प्रत्यक्ष रूपमा धेरै हदसम्म न्यूनीकरण हुँदा पनि अप्रत्यक्ष रूपमा दाइजो लिने दिने गरिन्छ । बिहेमा दाइजो नलिई जाँदा महिलालाई हेपाहा दृष्टिले हेर्ने तथा शारीरिक पीडा नभए पनि मानसिक पीडा दिने गरेको देखिन्छ । यस्ता घटना दिन प्रतिदिन पत्रपत्रिकामा पढ्न पाइन्छ । नेपालमा दाइजो प्रथाविरुद्ध विभिन्न कानुनी प्रावधान भए पनि यसको प्रभावकारी कार्यान्वयनमा चुनौती देख्न पाइन्छ । दाइजो प्रथाको अन्त्यको निम्ति र महिलाको अधिकारको संरक्षणका लागि नेपालले केही कानुनी प्रावधान निर्माण गरेको छ।

### नेपालको संविधान

नेपालको संविधानले समानताको अधिकारलाई प्रत्याभूत गरेको छ । धारा १८ अनुसार, कुनै पनि व्यक्तिलाई लिङ्ग, भाषा, जाति वा अन्य कुनै आधारमा भेदभाव गर्न पाइँदैन । साथै, धारा ३८(३) ले महिलाविरुद्ध हुने कुनै पनि प्रकारको हिंसालाई निषेध गर्छ । यस प्रावधानले दाइजोसम्बन्धी हिंसाका विरुद्ध कानुनी आधार प्रदान गर्छ, जसले महिलालाई शोषण र हिंसाबाट सुरक्षित राख्न मद्दत पुऱ्याउँछ।

### सामाजिक व्यवहार (सुधार) ऐन

सामाजिक प्रथा (सुधार) ऐन, २०३३ ले विवाहका क्रममा दाइजो दिने र लिने कार्यलाई स्पष्ट रूपमा अपराधको रूपमा परिभाषित गरेको छ । यस ऐनको दफा ५ ले विवाह हुँदा वा विवाहपछि दुलही पक्षबाट दुलही वा दुलहालाई यति नगद, जिन्सी, दाइजो, दान, बकस, भेटी, बिदाइ उपहार आदि जुनसुकै रूपमा दिनु पर्छ भनी दुलहा पक्षले कर लगाउन वा यति लिने दिने भनी दुवै पक्षले अगावै तय गर्न हुँदैन र दाइजो नदिएको आधारमा दुलहा पक्षले टन्टा गर्न, विवाह गर्न इन्कार गर्न वा विवाह भइसकेपछि दुलही बिदाइ गराई साथ नलग्न, वा दुलहीपछि मात्र बिदाइ गराई लग्ने प्रथा भएकाहरूले पछि बिदाइ गराई लग्न इन्कार गर्न पाइँदैन । विवाह हुँदा जिउमा लगाएको एकसरो गहनाबाहेक आफ्नो कुल परम्परा अनुसार राजी खुसीले दिनेले बढीमा १० हजार रुपियाँसम्मको मात्र दाइजो दिन सक्ने छन्। उपदफा (१) वा (२) उल्लङ्घन गर्नेलाई लिन दिन नपाउने गरी बिगो भए बिगो जफत गरी १० हजार रुपियाँसम्म जरिबाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरिएको छ।

### मुलुकी अपराध संहिता

मुलुकी अपराध संहिता २०७४ को दफा १७४ अनुसार दाइजो लिनु र दिनु गैरकानुनी मानिएको छ । परम्परादेखि चलिआएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहनाबाहेक, दुलाहा वा दुलहीको तर्फबाट कुनै किसिमको चलअचल सम्पत्ति, दाइजो वा लेनदेन सर्त राखी विवाह गर्न वा गराउन नपाइने व्यवस्था छ । यस्तो कसुर गरेमा तीन वर्षसम्म कैद, ३० हजार रुपियाँसम्म जरिबाना वा दुवै सजाय हुन सक्छ । साथै कुनै किसिमको सम्पत्ति नदिएको कारणले दुलही वा उनका नातेदारलाई हैरान पार्न, सताउन, अपमानजनक वा अमानवीय व्यवहार गर्न नपाइने व्यवस्था छ र यस्तो कार्य गरेमा पाँच वर्षसम्म कैद, ५० हजार रुपियाँसम्म जरिबाना, वा दुवै सजाय हुन सक्छ। साथै दाइजोको रूपमा लिएको सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नुपर्ने प्रावधान पनि उल्लेख गरिएको छ । २१ औँ शताब्दीमा पनि दाइजो अहिलेसम्म नियन्त्रण नहुनुको केही मुख्य कारण :

### मानसिकता र शिक्षामा कमी

सर्वप्रथम जुन परम्परागत मानसिकता छ त्यो मानसिकता परिवर्तन नहुनु हो। यस्तै महिला अशिक्षित हुनु र कानुन बारेमा सचेत नहुनु पनि हो । दाइजो नेपालभरि प्रचलन हुँदा पनि तराईको मध्यम भागमा यो बढ्दो क्रममा देखिन्छ, जसमा मध्यम वर्गीय परिवारले दाइजो दिने बढी देखिएको छ। तल्लो वर्गीयले धेरै पैसा दिने आट गर्दैनन् तर मध्यम वर्गीयले राम्रो, पढेलेखेको र योग्य दुलाहा पाउन ऋण लिएर भए पनि दाइजो दिने काम गरेको पाइन्छ। पछि चेलीबेटी पीडा र उत्पीडनको मारमा परे पनि वा आफू पनि फसिन्छ भनेर प्रहरीमा उजुरी नदिएको पाइन्छ। सेतो पानामा कालो अक्षरको कानुन भए पनि त्यसको कार्यान्वयन प्रभावकारी भएन भने त्यो कानुनको औचित्य शून्यताको बराबर हुन्छ भन्ने यथार्थवाद सम्प्रदायको सिद्धान्त लागु हुन्छ । त्यही भाएर सरकारले कार्यान्वयनको पक्षमा समेत ध्यान दिनु आवश्यक रहेको देखिन्छ। गाउँ गाउँमा गएर महिलालाई दाइजोविरुद्ध कानुनबारे चेतना जगाउनुका साथै उनीहरूलाई स्वतन्त्र हुन र परनिर्भर नहुन उत्प्रेरित गर्न आवश्यक छ । दाइजो प्रथालाई सामाजिक र सांस्कृतिक परम्पराको रूपमा स्वीकृति दिइएको छ, जसले यसको उन्मूलनमा चुनौती थपेको छ। सरकारले विभिन्न सामुदायिक स्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरेर दाइजो प्रथालाई सामाजिक रूपमा अस्वीकार्य बनाउनु पर्छ । सशक्त र कडा सजायको व्यवस्था हुनु, सशक्त तरिकाले अनुसन्धान गरी कसुर गर्नेलाई कडाभन्दा कडा सजाय गरी पीडितलाई उचित मात्रामा क्षतिपूर्ति तथा न्यायको प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक छ।

### निष्कर्ष

दाइजो प्रथा नेपालको समाजमा एक गम्भीर र जटिल समस्या हो, जसका कारण महिलाको जीवनमा शारीरिक, मानसिक र आर्थिक हिंसा पुऱ्याइन्छ। यसको उन्मूलनका लागि कानुनी सुधार, सामाजिक मानसिकतामा परिवर्तन र व्यापक शिक्षा र जनचेतनाको आवश्यकता छ। दाइजो प्रथा र त्यससँग जोडिएका लैङ्गिक असमानताका मूल कारणको समाधान गर्दै मात्र महिलालाई समान अधिकार र सम्मान प्राप्त गर्न सकिन्छ। यसका लागि सरकार, समाज र महिला अधिकारकर्मीको समन्वय र सहकार्य अत्यन्त आवश्यक छ । यदि हामी सबै मिलेर यस प्रथाको अन्त्यका लागि सक्रिय कदम चाल्न सक्यौँ भने नेपाल महिलाको सशक्तीकरण र समानताको दिशातर्फ अगाडि बढ्न सक्छ। *-गोरखापत्र*

विषादीको प्रयोगबाट बचौं र बचाऔं

- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म विक्रि वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरू लाग्न सक्छ,
- विषादीको प्रयोगले जनस्वास्थयमा गम्भिर असर पर्न सक्छ,

त्यसैले विषादीको प्रयोगमा सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# हुलाकी राजमार्ग निर्माणमा बजेट अभाव

नमस्ते समचारदाता

धनगढी, पुष/१८

सुदूरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुरमा निर्माण भइरहेको हुलाकी राजमार्गको बाँकी काम पूरा गर्न बजेट अभाव भएको छ। चालु आर्थिक वर्षमा हुलाकी राजमार्ग निर्माणका लागि सङ्घीय सरकारले दिएको बजेटमध्ये धेरै गत आवको दायित्व भुक्तानीमै सकिएपछि बजेट अभाव भएको हो। हुलाकी राजमार्गको आयोजना कार्यालय धनगढीका अनुसार चालु आवमा सरकारले ३२ करोड ५० लाख रुपियाँ बजेट पठाएको थियो। पठाइएको बजेटमध्ये २० करोड ६५ लाख रुपियाँ गत आवको दायित्व भुक्तानीमै सकिएको छ। बाँकी रकम निर्माण कम्पनीलाई साउनदेखि असोजसम्मको काम गरेबापतको भुक्तानी गर्दा सकिएको जनाइएको छ। "चालु आवका लागि सरकारले पठाएको बजेट सकिएकाले अहिले बजेटको अभाव छ," हुलाकी राजमार्ग आयोजनाको कार्यालय धनगढीका प्रमुख मुकुन्दप्रसाद लामिछानेले भन्नुभयो, "थप बजेट मागका लागि प्रक्रिया अगाडि बढाएका छौँ।" उहाँका अनुसार चालु आवमा बजेट नरहे पनि निर्माण कम्पनीले काम भने रोकेका छैनन्। कैलालीको



लम्की-टीकापुर खण्ड, भजनी-धनगढी लगायतमा काम भइरहेको छ। "थप बजेट मागका लागि सडक विभागमा टिप्पणी फाइल पठाएका छौँ," प्रमुख लामिछानेले भन्नुभयो, "बजेट अभाव भए पनि अहिलेसम्म काम रोकिएको छैन। हेरौँ निर्माण कम्पनीले कतिसम्म गर्छन्। उहाँहरूको पनि आफ्नो लिमिटेसन होला।" थप बजेट नआए काम पूरा गर्न समस्या हुने उहाँको भनाइ छ। आयोजना कार्यालयका अनुसार चालु आवको हालसम्म निर्माण कम्पनीले २० करोड रुपियाँ बराबरको काम गरिसकेका छन्। त्यो रकम भुक्तानीका लागि आयोजनाको कार्यालयसँग बजेट छैन। कैलालीमा विभिन्न खण्डमा विभाजन गरेर छुट्टाछुट्टै ठेक्कामार्फत हुलाकी राजमार्ग निर्माणको काम भइरहेको छ। कतिपय खण्डको काम पूरा भइसकेको छ भने कतिपय ठाउँको काम अन्तिमतिर पुगेको छ। धनगढीदेखि भजनीसम्म हुलाकी राजमार्ग स्तरोन्नतिको काम चालु आवमै सक्ने आयोजना कार्यालयको लक्ष्य रहेको छ। यो खण्डमा हाल धनगढी उपमहानगरपालिका-१९ र कैलारी गाउँपालिका-४ क्षेत्रमा काम भइरहेको छ। बजेटका कारण समस्या नभएमा धनगढीदेखि भजनीसम्मको स्तरोन्नतिको काम चालु आवभित्रै पूरा हुने प्रमुख लामिछानेले दाबी गर्नुभयो। "अरू क्षेत्रमा पनि भारी प्रगति हुन्छ," उहाँले भन्नुभयो, "प्रमुख काम सकिन्छन्, केही ठाउँमा पुल निर्माणलगायतका काम बाँकी रहन सक्छन्।" हुलाकी राजमार्ग अन्तरर्गत कञ्चनपुरको दोदा नदीमा पुल निर्माण भइरहेको छ। यसै गरी धनगढी उपमहानगरपालिका धनगढी गाउँ र वडा नम्बर १ र २ जोड्ने स्थानमा खोलामा पुल बन्न बाँकी छ। पुलको काम सम्पन्न हुन अझै समय लाग्ने जनाइएको छ। कञ्चनपुरमा हुलाकी राजमार्ग निर्माणको काम चालु आवमै पूरा गर्ने लक्ष्य रहेको छ। सो जिल्लामा जम्मा ४२ किलोमिटर बन्ने राजमार्गको चार/पाँच किलोमिटरमा निर्माणको काम बाँकी छ। कञ्चनपुरमा सबै काम यसै आवभित्र सक्ने लक्ष्य रहेको प्रमुख लामिछानेले बताउनुभयो।

# कर्णालीमा नब्बे वटा झोलुङ्गे पुल निर्माणको तयारी

नमस्ते समचारदाता

सुर्खेत, पुष/१८

चालु आर्थिक वर्षभित्रमा कर्णाली प्रदेशभर ९० वटा झोलुङ्गे पुल निर्माण गरिने भएको छ। यीमध्ये कतिपय गत वर्षका निर्माणाधीन योजना रहेको र कतिपय अहिले थप भएका प्रदेश सरकारले जनाएको छ। पुराना सम्पन्न हुने र नयाँ योजना थपिँदै जानु नियमित नै हुने भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले जनाएको छ। जस अनुसार यो वर्ष ९० वटा नयाँ पुल निर्माण गर्ने लक्ष्य प्रदेश सरकारले राखेको छ। भौगोलिक रूपले विकट र दुर्गम स्थानका जनताको यातायात सेवाको पहुँचमा सहजता एवं सुधार गर्न झोलुङ्गे पुल निर्माण गर्न लागिएको हो। सङ्घ र स्थानीय तहसँग सहकार्य गरी आधा घण्टाको हिँडाइको दुरीभित्र पहुँच सुविधा पुर्‍याउने लक्ष्य राखिएको छ। चालु आवमा पुल निर्माणका लागि प्रदेश सरकारले २० करोड ५० लाख रुपियाँ विनियोजन गरेको छ। यो वर्ष ४२ वटा नयाँ पुल निर्माणका लागि बजेटको स्रोत सुनिश्चित गरिएको मन्त्रालयका सूचना अधिकारी प्रवीण कार्कीले बताउनुभयो। अहिलेसम्म कम्तीमा प्रत्येक आधा घण्टामा झोलुङ्गे पुल हुने गरी निर्माण



गरिरहेको जानकारी उहाँले दिनुभयो। सरकारले एक घण्टाको फेरोमा झोलुङ्गे पुल हुनुपर्ने मापदण्ड परिवर्तन गरेर अहिले आधा घण्टामा पुग्ने गरी पुल निर्माणको काम गरिरहेको छ। नागरिकले सजिलै र छिटो सेवा सुविधा पाउनुपर्ने मान्यताका आधारमा पुल निर्माण गर्न लागिएको कार्कीले बताउनुभयो। प्रदेश सरकारले खासगरी ग्रामीण क्षेत्रमा नागरिकलाई नदी पार गर्न झोलुङ्गे पुल निर्माण गरिरहेको छ। सडकको सुविधा नपुगेको वा पुगे पनि तत्काल सडक पुल निर्माणको सम्भावना नरहेको ठाउँमा झोलुङ्गे पुल निर्माण भइरहेको छ। नागरिकलाई आवागमनका लागि बनाइएका दुर्गम स्थानका कतिपय पुल पछिल्लो समयमा पर्यटन प्रवर्धनको माध्यमसमेत बन्दै गएको पाइएको छ।

### प्रत्येक वर्ष निरन्तरता

प्रदेश सरकारले प्रत्येक वर्ष पुल निर्माण गरिरहेको छ। प्रदेश सरकार, सङ्घीय ससर्त अनुदान मार्फत कर्णाली प्रदेशका १० जिल्लामा पुल निर्माण भइरहेका छन्। गत आर्थिक वर्ष २०८०/८१ मा २७ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएका थिए। उक्त वर्ष ९४ वटा पुल निर्माण गर्ने सरकारको लक्ष्य थियो। त्यसै गरी आव २०७८/७९ मा ७७ वटा पुल निर्माण भएको थियो भने आव २०७९/८० मा १०७ वटा पुल निर्माण गरिएको भौतिक मन्त्रालयले जनाएको छ। नागरिकलाई सहज रूपमा कम जोखिमपूर्ण यात्रा होस् भनेर प्रदेश सरकार स्थापना भएपछि नै निरन्तर पुल निर्माणमा लागिरहेको हो। यो वर्ष ९० वटा पुल निर्माण गर्ने लक्ष्य लिइएको छ। जसमध्ये ४२ वटा नयाँ पुलको स्रोत सुनिश्चित भएको छ।

# बजेट कटौतीको मारमा जलस्रोत मन्त्रालय

नमस्ते समचारदाता

सुर्खेत, पुष/१८

प्रदेशको जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय बजेट कटौतीको मारमा परेको छ। सङ्घको ससर्त अनुदान घट्नु र प्रदेशकै समेत न्यून बजेट विनियोजन हुनुले कार्यक्रम कार्यान्वयनमा अन्योल छाएको छ। यो वर्ष ससर्ततर्फको दुई तिहाइ बजेट घटेको छ। खानेपानीतर्फको बजेट घटेको छ भने सिँचाइ तथा नदी नियन्त्रणतर्फको बजेट कटौती भएको छ। सिँचाइतर्फका ४० वटा योजना चालु आर्थिक वर्षमा अलपत्र परेका छन्। यो वर्ष बजेट नहुँदा कुनै पनि नयाँ योजना कार्यान्वयन हुने छैनन्। नदी नियन्त्रणतर्फ पनि बजेट कटौती भएको छ। यसरी हेर्दा मन्त्रालयले



गर्ने महत्वपूर्ण कार्यक्रम नै कार्यान्वयन हुने छैनन्। पर्याप्त बजेट नहुँदा महत्वपूर्ण कार्यक्रम कार्यान्वयनमा अन्योल देखिएको मन्त्रालयका प्रवक्ता पदमराज देवकोटाले बताउनुभयो। सङ्घीय जलस्रोत मन्त्रालयसँग बजेट माग गरिएको उहाँले बताउनुभयो। मन्त्रालयका महत्वपूर्ण कार्यक्रम नै कटौती हुने भएकाले बजेट मागसहितको पत्र मन्त्रालयमा पेस गरिएको उहाँले जानकारी दिनुभयो। खानेपानीतर्फको बजेट पनि घटेको छ। गत वर्ष ४० करोड हाराहारीमा खानेपानीतर्फ बजेट प्राप्त भएको थियो। यो वर्ष ह्वात्तै बजेट घटेको छ। चालु आवमा ससर्त अनुदानमार्फत खानेपानीतर्फ ११ करोड मात्र बजेट विनियोजन भएको छ। न्यून बजेट हुँदा सीमित मात्र कार्यक्रम कार्यान्वयन हुने मन्त्रालयले जनाएको छ। समयमा निर्माण सम्पन्न हुन नसकी अधुरा रहेका र विविध कारणले सञ्चालनमा आउन नसकेका दर्जनौँ खानेपानी आयोजना अलपत्र हुने छन्। जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयमा सबैभन्दा कम बजेट विनियोजन हुने गरेको छ। चालु आवमा मन्त्रालयको दुई अर्ब ८६ करोड कुल बजेट रहेको छ। जसमा दुई अर्ब ६० करोड विकास बजेट हो। चालुतर्फ २६ करोड बजेट विनियोजन भएको छ। साना तथा मझौला कार्यक्रम कार्यान्वयन गर्नेदेखि जलविद्युत् आयोजनामा साझेदारीका कामसमेत मन्त्रालयले गर्दै आएको छ। विशेष गरेर ससर्त अनुदानकै भरमा मन्त्रालयका कार्यक्रम कार्यान्वयन हुने गरेका थिए। यो वर्ष दुई तिहाइ ससर्त अनुदान घटेको मन्त्रालयका प्रवक्ता देवकोटा बताउनुहुन्छ।

## कर्णाली...

यस्तै, त्रितीय क्षेत्र सेवातर्फ सार्वजनिक लागानी ४९ प्रतिशत, निजी लगानी ४६ प्रतिशत, सहकारी लगानी पाँच प्रतिशत गरी कुल ४६.४ प्रतिशत लगानी गर्नुपर्ने आयोगको प्रक्षेपण् कर्णाली प्रदेश योजना आयोगले निर्माण गर्न लागेको दोस्रो पञ्चवर्षीय योजानमा तहगत सरकारको तर्फबाट हुने लगानीको समेत मोडालिटी तयार पारेको छ, जसमा कुल ५२ खर्ब २ अर्ब २९ करोडमध्ये संघीय सरकारले १० खर्ब १५ अर्ब १० करोड लगानी गर्नुपर्नेछ। यस्तै, प्रदेश सरकारले कुल लागतको १२ खर्ब ७६ अर्ब २२ करोड र स्थानीय तहले ३ खर्ब ५४ अर्ब २४ करोड रुपैयाँ पाँच वर्षको अवधिमा कृषि, उद्योग र सेवा क्षेत्रमा लगानी गर्नुपर्नेछ। कर्णाली प्रदेश योजना आयोगले निर्माण गर्न लागेको दोस्रो पञ्चवर्षीय योजनामा छवटा प्राथमिकताका क्षेत्रहरू तोकिएको छ। ती प्राथमिकताप्राप्त क्षेत्रमा प्रदेश सरकारले आफ्नो नीति, कार्यक्रम तथा बजेटमा प्रमुखताका साथ समेट्नुपर्नेछ। हरित अर्थतन्त्रमा आधारित उत्पादन तथा रोजगारी, कृषि, भूमि व्यवस्थापन र सहकारी, खनिज, उद्योग वाणिज्य र पर्यटन क्षेत्रलाई प्राथमिता दिईएको छ। श्रम, रोजगारी र गरिबी निवारण, वन, जैविक विविधता र जलाधार, पूर्वाधार र अन्तरआबद्धता, जलस्रोत, स्वच्छ ऊर्जा र खानेपानी, स्वास्थ्य, पोषण र जनसंख्या, शिक्षा, विज्ञान तथा डिजिटल र मानव पुजी, सुशासन तथा डिजिटल प्रणालीलाई योजना आयोगले प्रदेश विकासका मुख्य प्राथमिकता तोकेको छ। यस्तै, उत्पादन, रोजगारी र आय वृद्धि तथा गरिबी न्यूनीकरण, सहज तथा सर्वसुलभ पहुँच र सघन आबद्धता कायम गर्नु, सिर्जनशील, सम्मानित तथा न्यायपूर्ण समाज प्रवर्द्धन गर्नु, सुशासन प्रवर्द्धन तथा विकासको प्रतिफल आमजनतासामु पुर्‍याउनु दोस्रो पञ्चवर्षीय योजनाका उद्देश्य छन्। योजना कार्यान्वयनका लागि आयोगले विभिन्नमा समष्टिगत रणनीति तय गरेको छ, जसमा प्रदेशका तुलनात्मक र प्रतिस्पर्धी लाभका जल, जङ्गल, जमिन, जनशक्ति र जडीबुटीका क्षेत्रको व्यवसायीकरण, उत्पादन वृद्धि, उद्यमशीलता विकास, रोजगारी, सिर्जना तथा लगानी वृद्धिलाई आयोगले समष्टिगत रणनीतिमा राखेको छ। यस्तै, धार्मिक तथा पर्यापर्यटन, प्राङ्गारिक र रैथाने उच्च मूल्य कृषि, सडक, सिँचाइ, जलविद्युत् तथा स्वच्छ ऊर्जा लगानीको वातावरण निर्माण र दिगो तथा हरित अर्थतन्त्रलाई बढावा दिने, सुनौलो त्रिभुज (गोल्डेन ट्र्याङ्गल) र सुनौलो सिक्री (गोल्डेन स्ट्रिङ्ग) को अवधारणा अनुरुप कर्णाली प्रदेशका पर्यटकीय सम्भावनालाई उपयोग गर्ने नीति आयोगले लिएको छ। प्रदेश विकासका रणनीतिक महत्त्वका आयोजना (सडक, कोरिडोर, प्रदेश विमानस्थल, ऊर्जा, सिमेन्ट, खनिज, तेल, रत्नपत्थर खानी उद्योग आदि) कार्यान्वयनमा अनुकूल वातावरण विकास गर्ने, जाजरकोट भूकम्पपश्चात्को पुनः निर्माणलाई जाजरकोट पुनर्निर्माण मोडेलको रूपमा विकास गर्ने र भूकम्प प्रतिरोधी घर, सार्वजनिक संरचना निर्माण तथा एकीकृत बस्ती विकासलगायत पुनर्स्थापना, जीविकोपार्जन, उद्यम व्यवसाय र रोजगारी सिर्जनाको शीघ्र प्रक्रियाद्वारा पुनर्लाभ हासिल गर्ने रणनीति प्रदेश सरकारले लिनुपर्ने छ। प्रदेश तथा स्थानीय तहको आन्तरिक राजस्व वृद्धिका लागि प्राकृतिक स्रोत साधनको परिचालन गरी उत्पादन तथा रोजगारमूलक व्यावसायिक क्षेत्रको प्रवर्द्धन, डिजिटल कर्णालीको अभियानलाई कार्यक्रममा राखेको छ।

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

हिमाली गाउँपालिका
बाजुरा

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

चंखेली गाउँपालिका
हुम्ला

# द्वन्द्वपीडितले न्याय नपाएको गुनासो

नमस्ते समाचारदाता

सुर्खेत, पुष/१८

सुर्खेतका द्वन्द्वपीडितले सरकारसँग कहिलेसम्म न्याय मागिरहने भन्दै प्रश्न गरेका छन् । सहकर्मी समाजद्वारा सुर्खेतमा आयोजित एक कार्यक्रममा उनीहरूले न्याय माग्दा दुई दशक बित्न लागेको उल्लेख गर्दै अझै कहिलेसम्म न्याय मागिरहनुपर्ने हो भनी प्रश्न गरेका हुन् । द्वन्द्वपीडित शान्ति ढकालले पीडितले न्याय मागेको दुई दशक बित्न लागेको तर अहिलेसम्म पनि न्याय मागिरहनु परेको बताउनुभयो । उहाँले भन्नुभयो, "अझै कहिलेसम्म न्यायका लागि हारगुहार गर्नु ?" आफूले २६ वर्षदेखि न्याय मागिरहेको भन्दै उहाँले २०५६ सालमा आफ्ना श्रीमान्को हत्या भएदेखि न्याय मागिरहेको तर नपाएको उल्लेख गर्नुभयो । न्याय र परिपूरण नपाउँदा पीडितको अवस्था अहिले पनि उस्तै रहेको उहाँको भनाइ छ । न बेपत्ताहरूको अवस्था पत्ता लागेको छ, न खोजी भएको उहाँले बताउनुभयो । बेपत्ता छानबिन आयोग र सत्य निरूपण आयोग नबन्दा पनि पीडितले न्याय पाउन नसकेका कारण जतिसक्यो छिटो ती संयन्त्र पूर्ण गर्नुपर्ने उहाँको माग छ । अर्का द्वन्द्वपीडित तारा विकले एउटै पीडा सधैँ कति पटक भन्नुपर्ने हो भन्दै आक्रोश पोख्नुभयो । उहाँले कुनै पक्षमा नलागेको तर बेवारिसे बम विस्फोटमा परी घाइते भएकालाई पनि द्वन्द्वपीडित मान्नुपर्ने सुझाव दिनुभयो । उहाँले उनीहरूको कुनै परिचयपत्र नभएको तथा राहत नपाएकाले द्वन्द्वपीडितको सूचीमा बेवारिसे बम विस्फोटमा परी घाइते भएकालाई राख्नुपर्ने माग गर्नुभयो । यसै गरी अर्का पीडित उपेन्द्र सावदले द्वन्द्वपीडितको पहिचानमै समस्या भएको उल्लेख गर्नुभयो । अझै पनि वास्तविक द्वन्द्वपीडितले राहत र परिपूरण नपाएको जानकारी दिँदै उहाँले सहिद परिवार, बेपत्ता तथा घाइतेलाई छुट्टाछुट्टै सम्बोधन गर्नुपर्ने बताउनुभयो । इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवेदीले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) मा भएका राम्रा व्यवस्था र अबको कार्यदिशाबारे अवगत गराउनुभयो । उहाँले कानुनमा अन्तिम राहत र परिपूरण, तीन महिनाभित्र सरकारले क्षतिपूर्ति दिनुपर्ने व्यवस्था, क्षमादानमा पीडित परिवारको अनिवार्य सहमति लिनुपर्ने, आयोगको कामप्रति चित्त नबुझे विशेष अदालत जान सकिने जस्ता राम्रा प्रावधान राखिएको बताउनुभयो । आगामी दिनमा सरकारले सिफारिस समिति नयाँ बनाउनुपर्ने, अधिकारसम्पन्न, योग्य व्यक्ति छनोट गर्नुपर्ने, पीडित, नागरिक समाज थप चनाखो बन्नुपर्ने र सङ्क्रमणकालीन न्यायलाई जतिसक्यो छिटो टुङ्ग्याउनुपर्ने अबको आवश्यकता भएको उहाँले बताउनुभयो । राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेशका अधिकृत मानबहादुर कार्कीले संयन्त्र नबन्दासम्म पीडितले न्याय र परिपूरण नपाउने हुँदा छिटो गठनका लागि सबैको दबाब आवश्यक भएको उल्लेख गर्नुभयो । उहाँले सङ्क्रमणकालीन अवस्थालाई अब धेरै लम्ब्याउनु हुँदैन भन्दै पीडितलाई जतिसक्यो छिटो न्याय दिने सवालमा सरकार गम्भीर बन्नुपर्ने सुझाव दिनुभयो ।



# विद्यालयमा सात दिनमा बालमैत्री धारा निर्माणले सहज

नमस्ते समाचारदाता

हुम्ला, पुष/१८



सिमकोट गाउँपालिका-३ को बरगाउँको रलिङ माध्यमिक विद्यालयमा छोटो समयमा बालमैत्री धारा निर्माण गरिएको छ । यसअघि बालमैत्री धारा नहुँदा विद्यालयका विद्यार्थीलाई पानी पिउन असहज भइरहेको समयमा यस पटकको बालमैत्री धारा निर्माणले सहज भएको हो । वर्षौंको मागपछि विद्यालयमा बालमैत्री धारा निर्माण गर्ने कार्य भएको विद्यालयका प्रधानाध्यापक छिमी लामाले बताए । यसले गर्दा विद्यालयका साना ठुला सबै खाले विद्यार्थीलाई पानी पिउन सहज भएको बताउँदै धारा निर्माणका लागि धन्यवाद दिए । यसअघि यस्तो धारा नहुँदा साना कक्षाका विद्यार्थी सहज रुपमा पानी पिउनबाट बन्चित हुने र कतिपय विद्यार्थी धारामा पानी पिउने क्रममा लडेर घाईते समेत भएको थिए । सरसफाईका क्षेत्रमा काम गर्दै आएको गुडनेर्बस ईन्टरनेशल नेपालको ( जिएनआई ) आर्थिक सहयोग र स्नोल्याण्ड एकिकृत बिकाश केन्द्रको प्राबिधिक सहयोगमा सात दिनमा बालमैत्री धारा निर्माण गरिएको केन्द्रका कार्यकारी निर्देशक गोबिन्द शाहीले बताए । जिएनआईले विद्यालयमा खानेपानी र शौचालयको निर्माण गर्ने कार्य गर्दै आएको छ। बालबिकासदेखि कक्षा दशसम्म अध्ययन हुने सो विद्यालयमा बालमैत्री धारा निर्माणका लागि बारम्बार माग भई आउने गरेकोले मागमा आधारित भएर धारा निर्माण गरिएको हो । पाँच वटा धारा एउटै पिलरमा जडान गरेर पिउने पानी आई रहेको छ । ती धारामा उमेर र उचाई अनुसार विद्यार्थीले पानी पिउने कार्य गर्दै आउनु भएको छ । बालमैत्री धारा निर्माणका लागि गुडनेर्बस ईन्टर नेशनल नेपालले चार लाख बीस हजार, विद्यालयको लागत एक लाख गरी चार लाख बीस हजार रुपियाँ लागत लागेको छ । यसअघि पनि सिमकोट गाउँपालिकाका आधा दर्जन विद्यालयमा यस्ता धारा कार्यक्रमले निर्माण गरिसकेको छ ।

# आठ बस्ती उच्च जोखिममा

नमस्ते समाचारदाता

हुम्ला, पुष/१८

हुम्ला जिल्लाको दक्षिण क्षेत्रमा रहेको ताँजाकोट गाउँपालिका वडा नं. १ देखि ५ सम्मका आठ वटा बस्ती पहिरोको उच्च जोखिममा रहेका छन् । जिल्ला विपत् व्यवस्थापन समितिको बैठकले ताँजाकोटका विभिन्न आठ वटा बस्ती भिरालो जमिनमा भएकाले उच्च जोखिममा रहेको निष्कर्ष निकालेको हो । ताँजाकोट गाउँपालिका-१ को कोलपेल्ना, २ को दलितबाडा, ३ को भ्यालबाडा, र रोकायाबाडा, ४ को ओखडेना, ५ लोटपाटा र दलितबाडा बस्ती पहिरोको उच्च जोखिममा रहेको प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेयले बताउनुभयो । भिरालो जमिन पहिरोको उच्च जोखिम रहेको भन्दै ताँजाकोट गाउँ कार्यपालिकाले पुस ३ गते स्थानान्तरणका लागि जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरेको थियो । जोखिममा रहेका बस्ती सुरक्षित स्थानमा स्थानान्तरण गर्नका लागि सुरक्षित स्थान पहिचान गरी बस्ती विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको उहाँले बताउनुभयो । साथै उक्त बस्ती स्थानान्तरणका लागि भूगर्भविद् र अन्य दक्ष प्राविधिकसहितको टोलीबाट स्थलगत अध्ययनका लागि गृह मन्त्रालय विपत् तथा द्वन्द्व व्यवस्थापन महाशाखा र कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा अनुरोध गर्ने निर्णय बैठकले गरेको छ । बैठकमा जिल्लामा विभिन्न समयमा हुन सक्ने विपत्का घट्ना र त्यसको पूर्वतयारीका विषयमा छलफल भएको थियो । जिल्ला विपत् व्यवस्थापन समितिका यसअघिका बैठकबाट भएका निर्णयको कार्यान्वयन अवस्थाबारे समीक्षा एवं विश्लेषण गरिएको हो । जाडोयाम सुरु भइसकेकाले जनजीवन समेत प्रभावित हुन सक्ने हुँदा हिमपातबाट अवरुद्ध हुने खानेपानी, विद्युत्, सिँचाइ, सञ्चार, यातायात जस्ता अतिआवश्यक सेवाको तत्काल मर्मतसम्भार गरी सेवा नियमित गर्न सम्बन्धित सेवा सञ्चालन गर्न कार्यालय तयारी अवस्थामा रहनुपर्ने निर्णय गरिएको छ । हिमपातबाट प्रभावितको तत्काल खोज, उद्धार, राहतलगायतका समग्र विपत् व्यवस्थापनसम्बन्धी कार्यका लागि सम्पूर्ण सुरक्षा निकाय पूर्वतयारीमा रहने निर्णयसमेत बैठकले गरेको छ । बैठकले विपत्का घटनाबाट २०८१ साउन १ देखि पुस १५ गतेसम्म प्रभावित २५ परिवारलाई जिल्ला विपत् व्यवस्थापन कोषबाट उपलब्ध गराइएको राहत रकम तीन लाख ३० हजार रुपियाँ अनुमोदन गरेको छ । पूर्ण क्षति भई आफ्नू बसोबास गर्दै आएका घर लगायतका संरचना गुमाएका परिवारलाई १५ हजार रुपियाँका दरले राहत उपलब्ध गराइएको हो । मङ्सिर २६ गते सर्केगाड गाउँपालिका-७ को रोडीकोट र सिमकोट गाउँपालिका-८ को याङ्चु गाउँका आगलागी पीडितको घर पुनर्निर्माणका लागि आवश्यक सहजीकरण गर्न राष्ट्रिय विपत् तथा जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरण तथा प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा जिल्लाबाट सिफारिस पठाउने निर्णय भएको छ ।



# मानव सेवा आश्रमका असहायलाई सिरक बितरण




नमस्ते समाचारदाता

बाँके, पुष/१८

गत केही दिन यता बढ्दै गएको जाडोलाई ध्यानमा राखेर गोपाल निना फाउन्डेसन बाँकेले यहाँस्थित मानव सेवा आश्रममा रहनु भएका ५२ असहायहरुलाई न्यानो सिरक र लुगा बितरण गरेको छ। फाउन्डेसनले आश्रममा रहनु भएका असहाय बृद्धबृद्धालाई जाडोबाट जोगाउन ५१ थान न्यानो सिरक र एकजना पाँच बर्षीय सानो बालिकालाई एक जोडा न्यानो कपडा सहयोग गरेको गोपाल निना फाउन्डेसनका अध्यक्ष डा. गौरब श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार दिनानुदिन चिसो बढ्दै गएकाले अंग्रेजी नयाँ बर्ष तथा राष्ट्रिय टोपी दिवसको अवसर पारेर बुधवार आश्रममा रहेका असहायलाई चिसोबाट जोगाउन फाउन्डेसनले सिरक वितरण गर्नुका साथै एक छाक खाना खुवाएको छ । मानव सेवा आश्रम नेपालगन्ज शाखाका प्रमुख उर्विन सापकोटाले कुनै विदेशी दातृसंस्थाको सहयोगबिना मानवीय भावनाबाट प्रेरित महानुभाव र संघ संस्थाहरुको सहयोगमा नेपालका १९ जिल्लाका २३ आश्रम सञ्चालन भइरहेको जानकारी दिनुभयो । उहाँले आश्रितहरुका लागि औषधी उपचार र नियमित स्वास्थ्य परीक्षणको खाँचो भएको औंल्याउनुभयो । हाल आश्रममा ५२ जना सडक आश्रित, बेसहारा, अशक्त असहाय, अनाथ, अभिभावक विहिन शारीरिक तथा मानसिक रुपमा कमजोर भएका मानवहरुले आश्रय लिइरहेका उहाँले जानकारी दिनुभयो । गोपाल निना फाउन्डेसनका कार्यालय प्रमुख दिलिप गिरिको संयोजकत्वमा भएको कम्बल हस्तान्तरण कार्यक्रममा गोपाल निना फाउन्डेसनका अभिभावक तथा नेपालकै प्रसिद्ध स्त्रीरोग विशेषज्ञ डा. निना श्रेष्ठ, फाउन्डेसनका अध्यक्ष डा. गौरब श्रेष्ठ, डा. तृप्तीपाल रमण, वरिष्ठ पत्रकार पुर्णलाल चुके, लोकनाथ शर्मा, बिपुल बर्मा, प्रतिभा पौडेल, अनुप सुवेदी, अनुप अर्याल र पुस्पा भुसाल लगायतको उपस्थिति थियो ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
महावै गाउँपालिका
कालिकोट

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला, मुगु, कालिकोट, जुम्ला, डोल्पा, बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके